**पूर्ण इजलास**

**मा.न्या. श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. ०६८-WF-०००७, उत्प्रेषण परमादेशसमेत, *जिल्ला रूपन्देही, सिद्धार्थनगर नगरपालिका, वडा नं. ७ मा अवस्थित निर्धन उत्थान बैंक लि., केन्द्रीय कार्यालयका तर्फबाट तथा आफ्नो हकमासमेत ऐ.बैंकका महाप्रबन्धक प्रकाशराज शर्मा वि. प्रेमप्रसाद घिमिरेसमेत*

कम्पनी ऐन वा अन्य विशेष ऐनअन्तर्गत संस्थापित प्रतिष्ठानहरूका आ-आफ्नै उद्देश्य रहेका हुन सक्छन्, त्यस्ता प्रतिष्ठानको कार्य प्रकृति पनि फरकफरक हुन सक्छ, त्यसभित्र आबद्ध जनशक्तिले सम्पादन गर्नुपर्ने कार्य पनि फरकफरक हुन सक्छ, उनीहरूको कार्यवातावरण र सेवाको सुरक्षा सम्बन्धमा अनुगमन गर्ने वा नियमन गर्ने निकायहरू पनि फरकफरक हुन सक्छन् । त्यसैले सम्बन्धित संस्थाको उद्देश्य, कार्यप्रकृति, त्यसभित्र आबद्ध जनशक्ति र उनीहरूको सेवा सुरक्षासमेतका विषयवस्तुलाई आधार नबनाई प्रतिष्ठान शब्दको सतही व्याख्याका भरमा सबै संस्थाहरूलाई एउटै दृष्टिकोणले हेरिनु न्यायोचित् र व्यवहारिकसमेत हुन नसक्ने ।

श्रम ऐनले श्रमिकको हक, हित, सुरक्षा, सेवा, शर्त, विवाद समाधानको प्रक्रिया र संयन्त्रसमेतको व्यवस्था गरेको छ । त्यस्तै व्यवस्था अन्य ऐन वा कानूनद्वारा गरिएको अवस्थामा त्यस्ता कानूनद्वारा संस्थापित प्रतिष्ठान वा संस्था वा फर्म वा कम्पनीमा कार्यरत् कर्मचारीहरूको हकमा श्रम ऐन आकर्षित हुने भनी त्यस्तो प्रतिष्ठान, संस्था वा फर्म संस्थापित गर्ने कानूनलाई अर्थहीन र औचित्यहीन तुल्याउने गरी कानूनको व्याख्या गरिनु हुँदैन । त्यस्ता संस्थाहरूको हकमा श्रम ऐन होइन, त्यही कानून आकर्षित हुने ।

श्रम ऐनबाहेकका अन्य ऐनअन्तर्गत संस्थापित प्रतिष्ठानहरूमा श्रम ऐन आकर्षित हुने हो वा अन्य ऐन, त्यसअन्तर्गतको नियम वा विनियमको व्यवस्था आकर्षित हुने भन्ने सम्बन्धमा यसअघि पनि यस अदालतसमक्ष प्रश्नहरू उठेको सन्दर्भमा किरणकुमार श्रेष्ठसमेत विरुद्ध सञ्चालक समिति, नेपाल बैंक लिमिटेडसमेत भएको रिट निवेदन (*नेकाप* २०५६, अङ्क ६, नि.नं. ६७३१, पृष्ठ ४०३) मा ट्रेड युनियन ऐन, २०४८ र वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बनेका नियमहरू बाझिएको अवस्थामा कुन कानून लागू हुने भन्ने प्रश्न उठेकोमा वाणिज्य बैंक ऐन, २०३१ को दफा ५२ ले उक्त ऐन र सोअन्तर्गत बनेका नियमहरूमा लेखिएको कुरामा सोहीबमोजिम र अरूमा प्रचलित कानूनबमोजिम हुने भनी गरेको व्यवस्थासमेतलाई आधार बनाएर वाणिज्य बैंक ऐनको दफा ५२ अन्तर्गत बनेको नेपाल बैंक कर्मचारी नियमावली नै लागू हुने भनी यस अदालतको विशेष इजलासबाट सिद्धान्त कायम भएको छ । त्यसैगरी नेपाल अरब बैंक लिमिटेडका व्यवस्थापकका तर्फबाट विनय रेग्मी विरूद्ध श्रम अदालतसमेत भएको अर्को रिट निवेदन (२०५८ सालको रिट नं. ३०७४, फैसला मिति २०५९।२।२१) मा बैंकको कामदार र कर्मचारीको सम्बन्धमा वाणिज्य बैंक ऐन, २०३१ बमोजिम बनेको नेपाल अरब बैंक लिमिटेडको कर्मचारी नियमावली तथा कार्यविधि निर्देशिका, २०४५ (हाल कर्मचारी नियमावली, २०५७) नै लागू हुने, श्रम ऐन, २०४८ आकर्षित हुन नसक्ने भनी श्रम अदालतले पुनरावेदन ग्रहण गरी गरेको फैसला अधिकारक्षेत्रबिहीन रहेको भनी फैसला भएको छ । त्यसैगरी महालक्ष्मी फाइनान्स

लिमिटेडसमेत विरुद्ध श्रम अदालत भएको अर्को रिट निवेदन (२०६० सालको रिट नं. २७६३, फैसला मिति २०६१।१२।५) मा पनि निवेदक कम्पनी वित्त कम्पनी ऐन, २०४२ अनुसार गठित एवं सञ्चालित भएको भन्ने आधारमा उक्त कम्पनीले बनाएको कर्मचारी विनियमावली, २०५७ अनुसार भएको कारवाहीविरुद्ध सोही विनियमावलीअन्तर्गतको उपचार खोज्नु पर्ने निष्कर्षमा पुगी निवेदक कम्पनीको हकमा श्रम ऐन लाग्न नसक्नेमा श्रम अदालतले पुनरावेदन ग्रहण गरी गरेको फैसलामा क्षेत्राधिकारको त्रुटि विद्यमान रहेको भनी फैसला भएको देखिन्छ । त्यसैगरी सेन्ट जेभियर्स स्कूलका तर्फबाट ऐ.का प्रधानाध्यापक बोनिफेस टिग्गा एस.जे. विरुद्ध श्रम अदालतसमेत भएको रिट निवेदन (रिट नं. ०६७-WO-०७०९, फैसला मिति २०६९।४।३०) मा पनि यस्तै प्रश्न उठेकोमा शैक्षिक संस्थाको रूपमा रहेको विद्यालयको गठन, सञ्चालन र नियमनसमेतको काम कारवाही शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ बमोजिम हुने भन्नेसमेतको आधार ग्रहण गर्दै सम्बन्धित विद्यालयको कर्मचारी सेवा नियमअनुसार कारवाही भएको अवस्थामा सोही नियमअनुसारको उपचारको खोजी गर्नुपर्नेमा श्रम ऐन, २०४८ मा भएको कानूनी व्यवस्थाअनुसार श्रम अदालतमा परेको पुनरावेदनलाई क्षेत्राधिकारबिहीनको संज्ञा दिइएको देखिन आउने ।

यस अदालतबाट भएका पूर्व फैसलाहरूबाट समेत विभिन्न विषयगत ऐनअन्तर्गत संस्थापित कम्पनी, संस्था, फर्म वा प्रतिष्ठानहरूका हकमा त्यस्ता ऐनअन्तर्गतका नियम, विनियमद्वारा तोकिएका सेवा, शर्त, सुविधा र अनुगमन, नियमन एवं मूल्याङ्कनसमेतका संयन्त्रहरू नै प्रभावी हुने र सबै खालका प्रतिष्ठानहरूमा श्रम ऐन, २०४८ लागू नहुने भनी सिद्धान्त कायम भएको आधारमा पनि श्रम ऐन, २०४८ ले गरेको आचरण र सजायसम्बन्धी व्यवस्था निश्चित् प्रकृतिका प्रतिष्ठानमा कार्यरत् कामदार कर्मचारीहरूका हकमा मात्र आकर्षित हुन्छ, जुनसुकै प्रतिष्ठानमा कार्यरत् कामदार कर्मचारीहरूका हकमा उक्त व्यवस्था आकर्षित हुँदैन भन्ने निष्कर्षमा पुग्न सकिने ।

निवेदक निर्धन उत्थान बैंक कम्पनी ऐन, २०५३ बमोजिम लघु वित्त कम्पनीका रूपमा दर्ता भएको र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अनुरूप बैंकिङ् व्यवसाय गर्दै आएको संस्था हो भन्ने तथ्यमा विवाद छैन । उक्त ऐनअन्तर्गत स्थापना भई सञ्चालन हुने बैंक तथा वित्तीय संस्थाको काम कारोबार सुव्यवस्थितरूपले सञ्चालन गर्न र ऐनको उद्देश्य कार्यान्वयन गर्न इजाजत प्राप्त संस्थाले विनियम बनाउन सक्ने गरी उक्त ऐनको दफा ९१ अन्तर्गत सोसम्बन्धी अधिकारको व्यवस्था गरिएको देखिन्छ । सोही दफा ९१ को उपदफा (१) को देहाय (क) देखि (छ) सम्म विभिन्न विषयहरूमा त्यस्तो विनियम बनाउन सकिने भन्ने व्यवस्था गर्दै देहाय (ग) मा इजाजत प्राप्त संस्थाका कर्मचारीको नियुक्ति, बढुवा, सरुवा बर्खास्ती, तलब, भत्ता, उपदान, निवृत्तिभरण, विदा, आचरण, अनुशासन समेत सेवाका शर्त र गठनबारेमा समेत त्यस्तो विनियम बनाउन पाउने गरी अधिकार प्रदान गरिएको कानूनी व्यवस्थाबाट निवेदक बैंकलगायतका बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो काम कारवाही सुचारूरूपमा सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, बर्खास्ती एवं अनुशासनात्मक कारवाहीलगायत संस्थाको कर्मचारी प्रशासनसँग सम्बन्धित विषयहरूलाई स्वयंले छुट्टै विनियम तर्जुमा गरी नियमित र व्यवस्थित गर्न सक्ने र त्यस्तो विनियम राष्ट्र बैंकले स्वीकृति प्रदान गरेपछि लागू हुन सक्ने ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ९१ मा संस्थाले विनियम बनाउन सक्ने गरी प्रदान गरिएको अख्तियारीअन्तर्गत नै निर्धन उत्थान बैंकले आफ्ना कर्मचारीको व्यवस्थापनका लागि उल्लिखित विषयवस्तुसमेत समावेश गरी कर्मचारी विनियम बनाएको भन्ने देखिन आउँछ। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनको दफा ९२ ले उक्त ऐनअन्तर्गत जारी भएका नियम, विनियम, आदेश वा निर्देशनमा लेखिएका कुरामा सोहीबमोजिम र अन्य कुरामा प्रचलित कानूनबमोजिम हुने भनी स्पष्ट व्यवस्था गरेबाट निर्धन उत्थान बैंकबाट जारी भएको विनियममा लेखिएका कुरामा सोही विनियम प्रभावी हुने।

बैंक तथा वित्तीय संस्थाहरूको हकमा नियमनकारी निकायका रूपमा नेपाल राष्ट्र बैंक रहने, त्यस्ता संस्थाले बनाएको विनियमसमेत नेपाल राष्ट्र बैंकबाट स्वीकृत गराउनु पर्नेसमेतको व्यवस्था गरिएको हुँदा त्यस्ता संस्थाको हकमा श्रम ऐनअनुसार श्रम कार्यालयहरूले नियमन गर्न मिल्ने अवस्था देखिन नआउने।

ऐनको अख्तियारीअन्तर्गत कर्मचारीहरूको आचरण निश्चित् गरिएको र सो आधारमा विभागीय कारवाही गर्ने अधिकारीसमेत तोकी त्यस्ता अधिकारीले गरेको कारवाहीउपर पुनरावेदन सुन्ने अधिकारी पनि तोकिएको अवस्थामा श्रम ऐनमा उल्लिखित आचरण र सजायसम्बन्धी कुराहरू त्यस्ता संस्थाले अनुशरण गर्दैनन्। जुन कानून अनुसारको कारवाही भएको हो, त्यसमा अवलम्बन गर्नुपर्ने कार्यविधि पनि स्वभावतः सोही कानूनले निर्धारण गरेबमोजिम नै हुन्छ र सोउपरको उपचार पनि सोही कानूनले तोकेअनुसार नै खोज्नुपर्ने।

सम्बन्धित कानूनले सजायको मात्र व्यवस्था गरी त्यसउपर पुनरावेदन सुन्नेसम्बन्धी व्यवस्था नगरेको अवस्था भए स्वभावतः प्रचलित कानूनले तोकेको अन्य प्रक्रियाको अवलम्बन गर्नुपर्ने बाध्यता सिर्जना हुन जाने।

आफू आबद्ध संस्थाको विनियमावलीमा नै सजायउपर पुनरावेदन सुन्ने अधिकारीसमेत निश्चित् गरिएको अवस्थामा त्यस्तो कानूनी व्यवस्थाको अनुशरण गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य बन्दछ। संस्थाको विनियमावलीमा रहेको स्पष्ट कानूनी प्रावधानलाई एकातिर पन्छाएर अन्य ऐन कानूनअन्तर्गतको उपचारको खोजी गर्न मिल्ने हुँदैन। यसको अतिरिक्त आफू कार्यरत् रहेको अवस्थासम्म सोही विनियमअन्तर्गतको सेवा, शर्त र सुविधाको उपभोग गर्ने तर आफूलाई कारवाही भएपछि भने उक्त कानूनले निर्धारण गरेको प्रक्रिया भन्दा बाहिरबाट उपचार खोजिनुलाई कानूनअनुकूल मान्न नसकिने।

कुनै पनि कानून बदर घोषित नहुँदासम्म वैध कानूनका रूपमा रहन्छ। त्यस्तो वैध कानूनलाई एउटा निश्चित् अवस्थासम्म अनुशरण गर्ने र आफ्नो प्रतिकूल निर्णय भएपछि त्यसलाई पूर्णतः इन्कार गर्ने प्रवृत्तिलाई सेवा कानून (Service Law) सम्बन्धी सिद्धान्तले पनि स्वीकार नगर्ने।

निवेदकलाई सेवाबाट वर्खास्त गरिएको बारेको पत्रमा स्पष्टरूपमा बैंकको कर्मचारी विनियमावली, २०६१ (संशोधनसहित) को विनियम ८८ (१) (ख) बमोजिम बैंकको सम्पत्ति हिनामिना, हानि नोक्सानी गरेको पाइएकोले बैंकको मिति २०६४।५।२६ को निर्णयबमोजिम बैंकको सेवाबाट बर्खास्त गरिएको भनी महाप्रबन्धकबाट हस्ताक्षर गरिएको पाइन्छ। उक्त पत्रमा उल्लेख गरिएको विनियम ८८ ले सेवाबाट हटाउने वा बर्खास्त गर्नेसम्बन्धी व्यवस्था गरेको र त्यसरी सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी भएको निर्णयउपर विनियम ९७ मा पुनरावेदन सुन्ने अधिकारी तोकिएको पाइन्छ। श्रम अदालतसमक्ष पुनरावेदन गर्ने विपक्षी

प्रेमप्रसाद घिमिरे निर्धन उत्थान बैंकको सहायक कर्मचारी रहेको भन्ने कुरामा विवाद छैन । सेवाबाट बर्खास्त गर्ने गरी भएको निर्णयउपर सहायक कर्मचारीले त्यस्तो निर्णय भएको ३५ दिनभित्र बैंकका अध्यक्षसमक्ष पुनरावेदन दिन सक्ने व्यवस्था विनियम ९७ (१) (ख) मा गरिएको छ । यसअघि गरिएको विश्लेषणबाट सबै खालका प्रतिष्ठानका कर्मचारीको हकमा श्रम ऐन आकर्षित नहुने र आफू संस्थाको कर्मचारी विनियमले गरेको व्यवस्थाका हकमा सोही विनियम आकर्षित हुने भन्ने निष्कर्षमा यो इजलास पुगिसकेको परिप्रेक्ष्यमा निज प्रेमप्रसाद घिमिरेले निज कार्यरत् संस्थाको विनियममा तोकिएअनुसार नै उपचारको माग गर्नुपर्ने ।

कुनै पनि कामदार कर्मचारीले आफू आबद्ध संस्थाको कर्मचारी विनियममा निश्चित् गरिएअनुरूप नै सेवा सुविधाको दावी गर्न सकिने र आफ्नो आचरण र विभागीय कारवाहीसम्बन्धी व्यवस्थाको हकमा पनि सोही विनियमका प्रावधान आकर्षित हुने हुँदा त्यस्तो वैध कानूनअन्तर्गत गरिएको कारवाही उपरको उपचार पनि त्यसैअन्तर्गत खोजिनु पर्ने हुन्छ । यदि सम्बन्धित कानूनले उपचारको स्पष्ट व्यवस्था नगरेको अवस्था भए मात्र अन्य प्रचलित कानूनबमोजिमको उपचार खोज्न सकिने हुन्छ । कानूनले नै पुनरावेदन सुन्ने अधिकारी निश्चित् गरेको पाइएको हुँदा त्यस्ता अधिकारीसमक्ष पुनरावेदन नगरी सिधै श्रम अदालतमा पुनरावेदन गरिएको देखिएबाट त्यसरी कानूनले नै अख्तियार प्रदान नगरेको निकायसमक्ष गरिएको याचनाले कुनै अर्थ नराख्ने ।

निर्धन उत्थान बैंकका सहायक कर्मचारी प्रेमप्रसाद घिमिरेलाई सो बैंकको कर्मचारी विनियमावली, २०६१ को विनियम ८८(१)(ख) बमोजिम सेवाबाट बर्खास्त गर्ने गरी भएको कारवाही उपर पुनरावेदन ग्रहण गरी निज प्रेमप्रसाद घिमिरेलाई सेवामा पुनर्बहाली गर्ने गरेको श्रम अदालत, काठमाडौंको मिति २०६५।३।२७ को फैसलामा अधिकारक्षेत्रात्मक त्रुटि विद्यमान रहेको देखिँदा उक्त फैसला उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

आफूले न्यायिक अधिकार प्रयोग गरेको विषयमा सर्वोच्च अदालतसमक्ष मुद्दा पुगी सर्वोच्च न्यायिक निकायले निश्चित् मार्गदर्शन हुने गरी सिद्धान्त प्रतिपादन गरिसकेको अवस्थामा ती सिद्धान्तहरूको पालना र अनुशरण गरिनु सबै न्यायिक निकायको कर्तव्य हुने ।

श्रम अदालतको अधिकारको स्रोत भनेको श्रम ऐन, २०४८ को दफा ६० नै हो । जसमा यस परिच्छेदअन्तर्गत दिएको कुनै सजाय वा आदेशउपर चित्त नबुझ्ने पक्षले त्यस्तो सजाय वा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र देहायबमोजिम पुनरावेदन गर्न सक्नेछ भनी खण्ड (ग) ले व्यवस्थापक वा अन्य अधिकारी वा कार्यालयले गरेको सजाय र आदेशउपर सम्बन्धित श्रम अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको पाइन्छ । त्यसरी श्रम ऐनको परिच्छेद् ८ मा गरिएको व्यवस्थाअन्तर्गत गरिएको सजाय वा आदेशउपर मात्र श्रम अदालतमा पुनरावेदन लाग्नेमा अन्य ऐन, नियम, विनियमअन्तर्गत गरिएका सजाय वा निर्णयउपर सोही ऐन, नियम, विनियमले नै पुनरावेदनसम्बन्धी व्यवस्था गरिरहेको अवस्थामासमेत त्यस्तो प्रावधानअन्तर्गत उपचार नखोजी सिधै श्रम अदालतमा पुनरावेदन गर्दासमेत त्यस्तो पुनरावेदन ग्रहण गरी न्याय निरूपण गर्दै आएको अवस्था देखियो । त्यसरी सर्वोच्च अदालतबाट पटकपटक भएका निर्णयलाई समेत बेवास्ता गरी आफ्नो क्षेत्राधिकारबाहिरको विषयमा प्रवेश गर्ने श्रम

अदालतको प्रवृत्तिलाई यो इजलासले गम्भीरतापूर्वक लिएको छ । अतः यस अदालतबाट प्रस्तुत रिट निवेदनका रोहमा र यसअघिका अन्य रिट निवेदनका रोहमा अभिव्यक्त रूलिङ्समेतलाई मध्यनजर गरी आफ्नो अधिकार क्षेत्रको प्रयोग गर्न श्रम अदालत, काठमाडौंको ध्यानाकर्षण गराइएको छ ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६९ साल मङ्सिर २८ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

### १

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०६५२, उत्प्रेषणयुक्त परमादेश, *संजयकुमार साह वि. संविधानसभा तथा व्यवस्थापिका संसदको सचिवालय*

नेपालको अन्तरिम संविधानमा भएको व्यवस्थापिका संसदको विशेषाधिकारसम्बन्धी संवैधानिक व्यवस्था बाहेक व्यवस्थापिका संसदको विशेषाधिकारका सम्बन्धमा अन्य कानूनी व्यवस्था भएको पाइन्न । प्रस्तुत रिट निवेदनमा उल्लिखित विवाद र सभामुखको आदेशबाट निवेदकलाई गरिएको आर्थिक दण्डसम्बन्धी विषय संविधानमा व्यवस्था भएअनुरुप विशेषाधिकारभित्र पर्ने नदेखिएको, अन्य ऐन वा नियममा पनि प्रस्तुत विवाद र सजाय विशेषाधिकारभित्र पर्ने भन्ने कानूनी व्यवस्था नदेखिँदा प्रस्तुत विवाद संसदको विशेषाधिकारभित्रको नभई यस अदालतबाट न्यायिक निरोपण हुन सक्ने ।

निवेदकबाट दुईवटा डेलिगेट्स माइक क्षति हुन गएको कारण कर्मचारीबाट प्रतिवेदन लिई सभामुखबाट निवेदकलाई संविधानसभा/व्यवस्थापिका संसदमा १० दिनसम्मको लागि निलम्बन एवं माइकमा भएको क्षतिको रकम निवेदकले पाउने पारिश्रमिकबाट कट्टा गर्ने आदेश भएको देखिन्छ । सभामुखबाट उक्त आदेश गर्दा संविधानसभा नियमावली, २०६५ को नियम ४६ लाई कानूनी आधार लिएको पाइन्छ । उक्त नियम ४६(१) मा भएको कानूनी व्यवस्थाले संविधानसभामा सुव्यवस्था कायम राख्ने सन्दर्भमा संविधानसभाका सदस्यलाई सभा भवनबाट निष्कासन गर्नुका साथै बढीमा १० दिनसम्मका लागि निलम्बन गर्नसक्ने गरी सभामुखलाई अधिकार प्रदान गरेको पाइयो । यी निवेदकले संविधानसभामा बल प्रयोग गरी दुई वटा डेलिगेट्स माइकमा क्षति पुऱ्याएको तथ्य प्रस्तुत रिट निवेदनमा स्वीकार गरेको र उक्त कार्य संविधानसभा नियमावली, २०६५ को नियम ४६ मा वर्णित कार्यभित्रकै देखिन आयो । निवेदकबाट भएको कार्य संविधानसभा नियमावली, २०६५ को नियम ४६ को प्रतिकूल देखिँदा सभामुखले संविधानसभा नियमावली, २०६५ को नियम ४६ ले प्रदान गरेको अधिकारको प्रयोग गरी संविधानसभा भवनबाट तत्काल निष्कासन गरी दश दिनसम्मको लागि निलम्बन गरेको कार्य कानूनसम्मत नै देखिने ।

विधिको शासन (Rule of law) मा कुनै पनि कार्य कानूनले निर्देशन गरेअनुरुप वा कानूनबमोजिम मात्र हुन्छ । त्यसमा पनि कसैलाई कुनै कार्य गरेबापत आर्थिक दण्ड वा आर्थिक दायित्व बहन गराउने निर्णय गरिन्छ भने त्यस्तो निर्णय कानूनले व्यवस्था गरेको भन्दा बाहिर गई हुन सक्दैन । कानूनी व्यवस्थाभन्दा बाहिर गई कसैलाई आर्थिक दण्ड दिने कार्यलाई विषेशाधिकारभित्र पर्छ भन्न नमिल्ने ।

कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्ति वा निकायले संविधान वा सोबमोजिम बनेका

कानूनबाट विशेषाधिकार प्राप्त गर्दछ। संविधान वा अन्य प्रचलित कानूनले प्रदान गरेको विशेषाधिकार विधिसम्मत् भई सोबमोजिम भए गरेका कार्यले मात्र वैधानिकता प्राप्त गर्दछ । विशेषाधिकारको नाममा कानूनले अधिकार नै नदिएको निर्णय वा आदेश हुन गएको त्यस्तो आदेश कानून प्रतिकूल भई त्यसले वैधानिक मान्यता पाउन नसक्ने ।

संविधानसभा नियमावली, २०६५ ले आर्थिक दायित्वको रूपमा निवेदकको पारिश्रमिकबाट रकम असूली गर्नसक्ने गरी सभामुखलाई विशेष अधिकार प्रदान नगरेको र सभामुखले सदस्यबाट बैठक कक्षमा हुन गएको भौतिक क्षतिको निर्माण गर्न सदस्यलाई आर्थिक दायित्व बहन गराउन निर्णय गर्न सक्ने अन्य कानूनी व्यवस्थाको अभावमा निवेदकको पारिश्रमिकबाट डेलिगेट्स माइकमा भएको क्षतिको रकम असूलउपर गर्ने गरी संविधानसभा/व्यवस्थापिका संसदका सभामुखबाट भएको निर्णय कानूनप्रतिकूलको देखिँदा सो हदसम्ममा विपक्षी व्यवस्थापिका संसदका सभामुखबाट मिति २०६८।९।७ मा भएको निर्णय उत्प्रेषणको आदेशबाट बदर हुने ।

पारिश्रमिकबाट कट्टा गरी क्षतिपूर्ति भराउने कार्यवाही अघि नबढाउनु भनी अन्तरिम आदेश जारी भै रहेको भए पनि आदेश जारी हुनुपूर्व नै रु.९० हजार निवेदकको पारिश्रमिकबाट कट्टा गराई निवेदकमाथि आर्थिक दायित्व बहन गराइएको देखिँदा उक्त रकम रु.९०,०००।- निवेदक संजयकुमार शाहलाई फिर्ता दिनु भनी विपक्षी व्यवस्थापिका संसद सचिवालयका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत शिवप्रसाद खनाल

कम्प्युटर : विकेश गरागाई

इति सम्वत् २०७० असार २६ गते रोज ४ शुभम् ।

## २

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WH-००८५, बन्दीप्रत्यक्षीकरण, *सुरज गुरुङ वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत*

निवेदकलाई भएको कैदको हकमा दण्डसजायको १० नं बमोजिम प्र.ना.नि. भुवन खड्काको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म निवेदकसमेत भएको मोटरसाइकल चोरी मुद्दामा शुरू फैसला उल्टी भई पुनरावेदन अदालत, पाटनले गरेको छ महिना कैद नै उपल्लो हद मान्नुपर्ने हुन्छ। जरीवानाबापत कैद गर्दा दण्ड सजायको ३८(१) नं. बमोजिम चार वर्षभन्दा बढी कैद गर्न मिल्ने हो होइन भन्नेतर्फ विचार गर्दा, यसै सर्न्दभमा अर्जुन थापा वि.काठमाण्डौं जिल्ला अदालतसमेत भएको मुद्दामा (*नेकाप* २०६७, चैत्र, नि.नं.८५१६, पृष्ठ १९७६, पूर्ण इजलास, ) "......कैद र जरीवानाको सजाय भएको मुद्दामा जरीवानाबापत अधिकतम् कति अवधि कैद गर्न मिल्ने हो भन्ने सम्बन्धमा कानूनले नै निश्चयात्मकरूपमा उपल्लो हद तोकेको स्थितिमा कानूनले तोकेको हदभन्दा बढी कैद ठेक्ने कार्य कानूनसम्मत् भन्न नमिल्ने, चोरीको १४ को देहाय २ ले जवर्जस्ती चोरी गर्नेलाई जरीवानाबापत पनि कैद गर्नुपर्छ भन्ने सजायसम्बन्धी घोषणात्मक व्यवस्था गरेको भए पनि जरीवानाबापत कैद ठेक्नको लागि दण्ड सजायको ३८ नं. भन्दा बाहिर जान मिल्दैन । त्यसैले जरीवानाबापत चोरीको महलबमोजिम हुने कैद सजायको अधिकतम् हद बढी हुन सक्ने देखिए पनि जरीवानाको सट्टामा ठेकिने कैदको उपल्लो हद दण्ड सजायको महलको ३८ नं. को देहाय १ बमोजिम चार वर्ष भन्दा बढी हुन नसक्ने...." भनी सिद्धान्त प्रतिपादन भइसकेको छ। जरीवानाबापतमा तोकिनसक्ने कैदको हदमा

उक्त सिद्धान्तले स्पष्ट मार्ग निर्देशित गरेको र प्रस्तुत सिद्धान्तमा उल्लिखित विवादित विषयवस्तु र यस रिट निवेदनको विषयवस्तु एकै प्रकृतिको हुँदा उक्त सिद्धान्त प्रस्तुत रिट निवेदनमा पनि आकर्षित हुने देखिँदा काठमाडौं जिल्ला अदालतले जरीवानाबापत चार वर्षभन्दा बढी कैद ठेकेको कार्य कानूनअनुरूप भए गरेको देखिन नआउने ।

निवेदकलाई थुनामा राखिएको कार्य कानूनअनुरूप नभएको भन्ने तथ्य माथि उल्लिखित सिद्धान्तका आधारमा समेत स्पष्ट देखिएको हुँदा निवेदकलाई कैदबापत छ महिना र जरीवानाबापत चार वर्षसमेत गरी जम्मा चार वर्ष छ महिना कैद ठेक्नुपर्नेमा आठ वर्ष एक महिना पन्ध्र दिन कैद ठेकिएको देखिएको हुँदा तीन वर्ष सात महिना पन्ध्र दिन बढी कैद ठेकी निज निवेदक थुनामा नै रहेको देखिन आयो । दण्ड सजायको ५३ नं. बमोजिम जरीवानाबापत कैद ठेक्दा एक दिनको २५ रूपैयाँको दरले, ऐ.को ५३क नं. र ३८ नं. को अधिकतम् हद्भन्दा बढी कैद ठेक्न नहुने र ऐ. को ३८ (१) न. ले कैद र जरीवाना दुबै सजाय भएको मुद्दामा जरीवाना नतिरेबापत कैद ठेक्दा चार वर्षभन्दा बढी ठेक्न नमिल्ने भन्ने स्पष्ट भएको अवस्थामा निवेदकलाई जरीवानाबापत अधिकतम् चार वर्षमात्र कैद ठेक्न मिल्नेमा उक्त अवधि भन्दा बढी कैद ठेकिएको देखियो । निवेदकलाई कानूनबमोजिम कैद र जरीवानाबापत गरी मिति २०६९।११।८ सम्म मात्र थुनामा राख्नु पर्नेमा मिति २०७३।६।२२ सम्म कैद ठेकी कानूनविपरीत गैरकानूनीरूपमा थुनामा राखेको देखिएको र ठेक्न मिल्ने कैदको अवधि चार वर्ष छ महिना निवेदक थुनामा रहेको मिति २०६५।५।९ देखि मिति २०६९।११।८ सम्ममा भुक्तान भई सकेको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई निवेदक सुरज गुरूङ्ग कैदबाट मुक्त हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०७० साल असार १६ गते रोज १ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-०७७२, उत्प्रेषण, परमादेश, *करूणाकर मल्लिकसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेत*

राज्यको मूल प्रवाहमा समेटिन नसकी पछि परेका वर्ग वा समुदायका नागरिकहरूलाई सामाजिक न्याय र सशक्तिकरणका माध्यमबाट अरूसरह समान प्रतिस्पर्धामा उत्रन सक्षम नभएसम्मका लागि मात्र सकारात्मक विभेदसम्बन्धी नीति अवलम्बन गर्ने नीति राज्यले लिएको पाइन्छ । सकारात्मक विभेद, सशक्तीकरण तथा आरक्षण जस्ता कार्यक्रमहरूका माध्यमबाट उनीहरूको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि हुन जाने हुन्छ । अरूसरह प्रतिस्पर्धा गर्न सक्षम भएपछि मात्र पूर्ण प्रतिस्पर्धामा आधारित समानहरूका बीचको समानताको स्थितिमा पुग्न सक्ने हुनाले सकारात्मक विभेद वा आरक्षणसम्बन्धी व्यवस्थाहरू अल्पकालीनरूपमा राज्यले लागू गरेको हुन्छ । आर्थिक, सामाजिक, शैक्षिक वा साँस्कृतिक क्षेत्रमा पछाडि परेका कारण राष्ट्रिय जीवनको मूल प्रवाहमा समाहित हुन नसकेका वर्ग वा समुदायका नागरिकहरूलाई सशक्तिकरण तथा आरक्षण जस्ता सकारात्मक विभेदका माध्यमबाट राष्ट्रिय जीवनको मूल प्रवाहमा समाहित गराउने समावेशीकरणसम्बन्धी सिद्धान्तको मुख्य उद्देश्य भएको हुँदा बञ्चिती (Deprivation) मा परेका त्यस्ता वर्ग वा समुदायको पहिचान गर्ने र तद्अनुरूप उचित व्यवस्थापन गर्ने दायित्व राज्य अर्थात् नेपाल सरकार मै निहीत हुने ।

पुनः पदसङ्ख्या थप हुँदा पनि मधेशी र अपाङ्गको लागि विज्ञापन नगरी लोक सेवा आयोग आफैँले तयार गरेको कार्यसञ्चालन निर्देशिका, २०६७ को अनुसूची २ अनुसारको सूत्रको विपरीत, निजामती सेवा ऐन, २०४९ को दफा ७(७) मा उल्लिखित समावेशी सिद्धान्त तथा नेपालको अन्तरिम संविधानको भावनाको प्रतिकूल छ भन्ने निवेदन र विज्ञापन भएको मितिले चौध दिनभित्र सो विज्ञापनसँग सम्बन्धित पदहरू पूर्तिको लागि आयोगमा थप माग हुन आएमा सोही विज्ञापनमा समावेश गरिने व्यवस्थाबमोजिम थप माग भएको पदसंख्या निर्धारण गरी विज्ञापन भएको सम्बन्धित समूहमा थप गर्ने गरिएको छ भने विज्ञापन नै नभएको समूहतर्फ पर्ने पद सुरक्षित राखी आगामी विज्ञापनमा समावेश गर्ने गरिन्छ भन्ने लोक सेवा आयोगको भनाई रहेको सन्दर्भमा हेर्दा लोक सेवा आयोगले गर्ने प्रतिशत निर्धारणको सूत्र एउटा निश्चित् एवं वैज्ञानिक सिद्धान्तमा आधारित रहेको र सरकारले अवलम्बन गरेको समावेशी नीति तथा प्रचलित कानूनअनुरूप पदपूर्ति गर्ने दायित्व लोक सेवा आयोगको रहेकोमा कुनै द्विविधा छैन । खुल्लाको लागि प्राप्त ७ सिटमध्ये प्रतिशत निर्धारण गर्दा महिला, आदिवासी/जनजाति र दलितमा १/१ पद छुट्टिई अपाङ्ग तथा मधेशीको लागि न्यूनतम् पनि १ सिट प्राप्त नभएकोले विज्ञापन हुन नसकेको भन्ने देखिन्छ । पछि थप हुन आएका २९ सिटको पुनः प्रतिशत निर्धारण हुँदा प्राप्त पदहरूमध्ये पहिले विज्ञापन भै सकेका तत्तत् समूहमा थप हुन गएको र पहिले विज्ञापन हुन नसकेका समूहहरू मधेशी-२, अपाङ्ग-१ र पिछडिएको क्षेत्रको लागि १ पद छुट्टिएको र ती समूहको लागि आगामी विज्ञापनमा समावेश गर्ने गरी पद सुरक्षित राखिएको भन्ने लोक सेवा आयोगको लिखित जवाफ रहेको देखिँदा उक्त विज्ञापनहरूमा सिट नै नछुट्टाई समावेशी सिद्धान्तप्रतिकूलको कार्य भयो भनी अर्थ गर्न मिल्ने अवस्था नदेखिने ।

जहाँसम्म विज्ञापन भएको १४ दिनभित्र पदसंख्या थप हुन आएमा पुनः प्रतिशत निर्धारण गरी विज्ञापन गर्नुपर्नेमा नगरिएको भन्ने भनाइ छ सो सम्बन्धमा हेर्दा, विज्ञापन भएको मितिले चौध दिनभित्र सो विज्ञापनसँग सम्बन्धित पदहरू पूर्तिको लागि आयोगमा थप माग हुन आएमा सोही विज्ञापनमा समावेश गरिने व्यवस्थाबमोजिम थप माग भएको पदसङ्ख्या निर्धारण गरी विज्ञापन भएको सम्बन्धित समूहमा थप गर्ने गरिएको छ भने विज्ञापन नै नभएको समूहतर्फ पर्ने पद सुरक्षित राखी आगामी विज्ञापनमा समावेश गर्ने गरिन्छ भन्ने लोक सेवा आयोगको भनाइ रहेको पाइन्छ । त्यस्तो पद थप भै आएको अवस्थामा लोक सेवा आयोगले पहिले विज्ञापन नभएको समूहतर्फ पनि दरखास्त आह्वान गर्ने गरेको भनी निवेदकले मिति २०६९।१२।१४ गतेको गोरखापत्रको प्रतिलिपि इजलाससमक्ष बहसको क्रममा पेश गरेको र आयोगको विज्ञापन नं. १५१०/०६९-७० म.प.क्षे. निर्देशनालय, सुर्खेतको प्रशासन सेवा, लेखा समूहमा साविकमा विज्ञापन नभएको महिला समूहमा पद १ थप भई कूल कायम भएको पद १ भन्ने देखिएको अवस्थासमेतलाई विचार गर्दा विज्ञापन नै नभएको समूहतर्फ थप भएका पदहरू विज्ञापनमा समावेश गर्न नसकिने भन्ने विपक्षी लोक सेवा आयोगको भनाई आफैँमा सान्दर्भिक हुन आएको अवस्था नदेखिने ।

लोक सेवा आयोगको निर्णयानुसार २०७० सालदेखि हुने रा.प.तृतीय श्रेणी, अप्राविधिक पदहरूको विज्ञापनको लागि नयाँ पाठ्यक्रमअनुसारको परीक्षा कार्यक्रम हुने भएकोले

पुरानो पाठ्यक्रमअनुसारको तयारी तथा सोअनुसारको हाम्रो मेहनत खेर जान्छ भन्ने निवेदक तथा सरोकारवालाहरूको चासोको सन्दर्भमा हेर्दासमेत नयाँ विज्ञापनमा समावेश भएको खण्डमा उक्त पदहरू पनि स्वतः नयाँ पाठ्यक्रमअनुसारको विज्ञापनमा समावेश हुन जाने देखियो । यस्तो अवस्थामा पुरानो पाठ्यक्रममा परीक्षाको अन्तिम तयारी गरेका र परीक्षाको लागि दरखास्त फाराम बुझाई प्रवेशपत्रसमेत लिईसकेका परीक्षार्थीहरूको सेवा प्रवेशको लागि तोकिएको उमेर हदसमेतलाई मध्यनजर राख्दा अर्को विज्ञापनमा यी पदहरू समावेश गर्दा थुप्रै परीक्षार्थीहरू मर्कामा पर्न जाने अवस्था विद्यमान भएकोले यस्तो विषम परिस्थिति एवं विशेष अवस्थालाई मध्यनजर राखी प्रस्तुत पदको लागि छुट्टाएका समूहतर्फको विज्ञापन हुन बाँकी रहेका तत्तत् समूहको छुट्टै विज्ञापन गरी यस अदालतको मिति २०६९।११।१ को अन्तरिम आदेशले रोकिएका विज्ञापन भैसकेका अन्य समूहको समेत परीक्षा तत्काल यथावत्‌रूपमा सञ्चालन गर्न उपयुक्त देखिन्छ । प्रस्तुत विज्ञापनको लागि तत्कालीन समयलाई आधार मानी उमेद्‌वारहरूको उमेर हद कायम तथा पुरानै पाठ्यक्रमअनुसारको परीक्षा दिन पाउने व्यवस्था गर्नुको अलावा लोक सेवा आयोगमा सो पदको लागि पहिले भरीसकेका दरखास्त फारामहरूलाई यसै विज्ञापनमा स्वतः समावेशसमेत गर्नुपर्ने हुन्छ जसबाट समावेशी सिद्धान्त तथा संविधानको भावनाप्रतिकूल पनि नहुने र परीक्षार्थीलाई पनि मर्का नपर्ने हुँदा आयोगको मिति २०६९।८।२७ तथा मिति २०६९।९।११ को बुलेटिन तथा गोरखापत्रमा प्रकाशित सूचनाअनुसार न्याय सेवा, सरकारी वकील समूहअन्तर्गत रिक्त रहेका राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत पदको पदपूर्तिको लागि भएको विज्ञापनमा मधेशी तथा अपाङ्गतर्फ विज्ञापन नगरी अन्य समूहको मात्र विज्ञापन गरेकाले उक्त परीक्षासम्बन्धी कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । मधेशी तथा अपाङ्गलगायतलाई विज्ञापन हुन बाँकी समूहतर्फको कोटा छुट्टाई उक्त समूहको लागि पनि विज्ञापन गर्नु, साथै प्रतिशत निर्धारण भैसकेका उक्त पदहरूमा नयाँ पाठ्यक्रमअनुसार विज्ञापन नगरी उक्त विज्ञापनमा पछि थप भएको पदसंख्याको आधारमा निजामती सेवा ऐन, २०४९ को दफा ७ (७) अनुरूप पुनः प्रतिशत निर्धारण गर्नुपर्ने भए सो गरी पुरानो विज्ञापनअनुसार परिसकेका दरखास्तलाई समावेश गरी यस विशेष परिस्थितिमा सोही विज्ञापनका लागि निर्धारित पाठ्यक्रम, उमेर हद तथा प्रक्रियाका आधारमा परीक्षासम्बन्धी काम, कारवाही अगाडि बढाउनु भनी लोक सेवा आयोग, केन्द्रीय कार्यालयको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७० साल असार १७ गते रोज २ शुभम् ।

## इजलास नं. १

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६७-CR-१२९०, जवर्जस्ती करणी, *पूर्णमान मगिया वि. नेपाल सरकार*

घरबाट पीडित व्यक्तिले घटनाका सम्बन्धमा घटनाको तत्कालअघि वा पछि व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १० (१) (क) बमोजिम प्रत्यक्ष प्रमाण हुने कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा निजले घटनाको तत्कालपछि प्रहरीसमक्ष व्यक्त गरी सो कथनलाई अदालतमा साक्षीसरह व्यक्त गरेकोले त्यस्तो

कथनलाई अदालतले प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । साथै जवर्जस्ती करणीको १ नं.मा व्यवस्थित उपर्युक्त कानूनी व्यवस्थाबमोजिम ६ वर्षकी नाबालिगको योनीमा लिङ्गको आंशिक प्रवेश हुनु नै जवर्जस्ती करणीको कसूर स्थापित हुन पर्याप्त हुने ।

प्रतिवादीले मौकामा बयान गर्दा आफूले नाबालिगको योनीमा आंशिक लिङ्ग प्रवेश गराएको तथ्य स्वीकार गरी बयान गरेको देखिएको छ भने निजले अदालतमा बयान गर्दा हातले घुच्याउँदा मेरो हातको दायाँपट्टिको बूढी औंलामा निजको गुप्ताङ्ग ठोक्किन पुगी कोतारिएको होला भन्ने व्यक्त गरेकोबाट मिसिल संलग्न अन्य प्रमाणहरूबाट निजउपरको अभियोग समर्थित हुन आएको र निजले जवर्जस्ती करणीको कसूर गरेको अभियोग दावी स्थापित हुन आएको हुँदा प्रतिवादीलाई अभियोग माग दावीबमोजिम जवर्जस्ती करणीको महलको ३(१) नं. अनुसार १० वर्ष कैद हुने र सोही महलको १० नं. अनुसार प्रतिवादीबाट पीडितलाई रू. ३०,०००।- क्षतिपूर्ति भराई दिने ।

इजलास अधिकृत: श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६९ साल माघ १७ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-CI-०४८५, उत्प्रेषण परमादेश, *मधुकुमार गौलीसमेत वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

भूमिसुधार कार्यालय, बर्दियाका तत्कालीन भूमिसुधार कार्यालयका भूमिसुधार अधिकारीको इजलासबाट मिति २०२२/८/१० मा तारा सुगर एण्ड जनरल इण्डष्ट्रिज प्रा.लि. को उक्त ३७-१०-० जग्गासमेत भूमिसम्बन्धी ऐन, २०२१ को परिच्छेद ४ को दफा १८ को उपदफा (१) बमोजिम जफत गरिएको र नेपाल सरकारको स्वामित्वमा आएको जग्गा भएको, किशोर लामासहितले दायर गरेको मुद्दामा सर्वोच्च अदालतबाट सरकारी जग्गामा मोही नलाग्ने भनी फैसला भै सकेको लगायतका कारणबाट रिट निवेदनमा उल्लिखित कि.नं. ६४ समेतका जग्गाहरू भूमिसुधार कार्यालयबाट जफत भै सरकारका नाममा भएको सरकारी जग्गा भएबाट सरकारी जग्गा हिनामिना हुन नपाउने गरी संरक्षण गर्ने उद्देश्यले स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम रोक्का गरिएको हो भनी लिखितजवाफ उल्लेख गरी प्रतिवाद गरेको देखिन्छ। दावीका जग्गाहरूका सम्बन्धमा यी पुनरावेदकहरूले आफ्नो हक भएको र जिल्ला प्रशासन कार्यालयले आफूहरूलाई प्रतिवाद नै गर्न नदिई जग्गा रोक्का राखेको भन्ने मूल जिकीर लिए पनि उक्त जग्गा नेपाल सरकारको नाममा कायम हुन आएको भन्ने जिल्ला प्रशासन कार्यालयले प्रतिवाद गरेको देखिन्छ। कृत्रिम व्यहोरा खडा गरी बनाइएका कागजातका आधारमा विभिन्न व्यक्तिका आधारमा विभिन्न व्यक्तिका नाममा जग्गा दर्ता भएको भए पनि सो जग्गा तारा सुगर एण्ड जनरल इण्डष्ट्रिजका नाममा दर्ता भए पनि पछि सो जग्गा नेपाल सरकारका नाउँमा कायम भएको भन्ने मिसिल संलग्न कागजहरूबाट उल्लेख भइरहेको देखिन्छ। यसरी दावीको जग्गा नेपाल सरकारको नाउँमा कायम रहेको भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालय, बाँकेको लिखित जवाफलाई यी पुनरावेदकहरूले अन्यथा भन्नसमेत सकेको नदेखिँदा दावीको जग्गामा यी पुनरावेदकहरूको निर्विवाद हक रहेको मान्नसमेत नमिल्ने।

दावीको जग्गा नेपाल सरकारका नाममा कायम रहेको र नेपाल सरकारका नाममा आएको

जग्गाका सम्बन्धमा यथोचित प्रवन्ध गर्न सक्ने अधिकार जिल्ला प्रशासन कार्यालय, बाँकेलाई रहे भएको देखिँदा नेपाल सरकारका नाउँमा आएको जग्गालाई रोक्का राख्ने गरी भएको निर्णय र सो निर्णयका आधारमा पत्राचार भई मालपोत कार्यालय, बाँकेबाट भएको जग्गा रोक्काको कामकारवाहीलाई अन्यथा भन्न सक्ने अवस्था नदेखिने हुँदा नेपाल सरकारको जग्गा जनिएको दावीको जग्गामा जिल्ला प्रशासन कार्यालयले यथोचित प्रबन्ध गर्न सक्ने नै देखिँदा यी पुनरावेदकहरूले दावी गरेको जग्गा रोक्का गर्ने गरी भएको आदेशबमोजिम मालपोत कार्यालय, बाँकेको रोक्कापत्रलाई अन्यथा भन्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल असार २५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-CI-०८००, उत्प्रेषणसमेत, *किशन चौधरी वि. मालपोत कार्यालय, उदयपुर गाईघाट*

विपक्षी मालपोत कार्यालय, उदयपुरको लिखित जवाफ व्यहोराबाटै दावीको जग्गा ऐलानी पर्ति जनिई नेपाल सरकारका नाउँमा कायम भएको भनी जग्गाको यकीन विवरण राख्ने मालपोत कार्यालयबाटै स्पष्ट भएको अवस्था देखिएको र सो सम्बन्धमा मिति २०६८।८।१३ मा निर्णय भएको भनी उल्लेख गरेको यस्तो अवस्थामा निवेदकले दावी गरेकै भरमा सो जग्गाको निवेदकको हकभोग स्थापित छ भनी भन्न नमिल्ने ।

दावीको जग्गा दर्ता गर्न छूट भएको भए यी पुनरावेदकले मौकामा नै सो छूट जग्गा दर्ताका लागि नापीका बखत दावी गरी आवश्यक प्रक्रिया आरम्भ गर्नुपर्नेमा सोसमेत गरेको देखिन्न । नेपाल सरकारका नाममा दर्ता भैसकेका जग्गाका हकमा सो दर्ता बदर नभएसम्म उनाउ व्यक्तिका हकमा पुनः कायम गर्न पनि मिल्ने भएन । निवेदकले दावी गरेको जग्गा दर्ता हुन नसक्ने भनी मालपोत कार्यालयबाट निर्णय भैसकेपछि सो निर्णयमा चित्त नबुझे कानूनतः पुनरावेदकीय उपचार प्राप्त गर्नुपर्नेमा सो नगरी उक्त निर्णयलाई बदर माग गरी पुनः मागबमोजिम छूट जग्गा दर्ताको आदेशसमेत माग गरेका निवेदकले सिधै रिट क्षेत्रमा प्रवेशसमेत गरेको देखिन्छ । यी रिट निवेदकले उठाएको प्रश्नमा मालपोत कार्यालयबाट भएको निर्णयमा कानूनी त्रुटि विद्यमान भएमा मात्र सो निर्णय उत्प्रेषणको आदेशले बदर गर्न सक्नेमा सो निर्णयको कानूनी त्रुटि यी पुनरावेदकले देखाउन सकेको देखिन्न । नेपाल सरकारद्वारा राजपत्र प्रकाशन गरी छूट भएका जग्गा दर्ता गर्नेसम्बन्धमा सूचना जारी भएमा निवेदकले आफ्नो छूट जग्गा दर्ताको कारवाही प्रारम्भ गर्नसक्नेसमेत देखिन्छ र सो उपचार प्राप्त गर्ने हक सुरक्षित नै रहेको देखिँदा मालपोत कार्यालयको निर्णयउपर कानूनतः पुनरावेदनको अधिकारप्राप्त रहेको अवस्थामा सो नगरी उक्त निर्णयलाई बदर गरी रिट क्षेत्रबाट प्रवेश गरी परेको निवेदनमा तत्काल मागबमोजिमको आदेश जारी गर्ने अवस्था विद्यमान देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल असार २८ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CI-१२०२, उत्प्रेषणमिश्रित परमादेश, *शिक्षिका रुद्राकुमारी पहाडी वि. जनता प्राथमिक विद्यालय, आरुबोट, सिन्धुली महादेवडाडा गा.वि.स. वडा नं. ७ समेत*

मिसिल संलग्न जनता माध्यमिक विद्यालय, आरुबोटको मिति २०६७।१२।१ को पत्र व्यहोरासमेतबाट यी पुनरावेदिकालाई लिखित स्पष्टीकरण पेश गर्ने सम्बन्धमा पत्राचारसमेत भएको देखिन्छ । निवेदन व्यहोराबाट यी पुनरावेदिकाले आफूलाई विद्यालयमा हाजीर हुन नदिएको भनी उल्लेख गरे पनि विपक्षीहरूको के कस्तो निर्णयबाट निजको कानूनी हक हनन् भएको हो भन्ने कुरा उल्लेख गरेको देखिन्न । मिसिल संलग्न जनता प्राथमिक विद्यालय, आरुबोटको मिति २०६६।९।२ को पत्रको छायाँप्रति हेर्दा यी निवेदिकालाई मिति २०६६।९।२ गतेदेखि लागू हुने गरी राहत अनुदान कोटामा अस्थायी शिक्षकमा नियुक्त गरेको देखिन्छ । अस्थायी प्रकृतिको सेवामा निजलाई नियुक्त गर्ने अख्तियार विद्यालय व्यवस्थापन समितिलाई रहेको र विद्यालयको मिति २०६८।१२।१ को निर्णयबाट निजलाई स्पष्टीकरण माग गरेको अवस्थामा निवेदिकाले दावी गरेजस्तो निजलाई अकारण हाजीर नगराएको भन्ने कुरालाई पत्यार गर्न नसकिने ।

अस्थायी प्रकृतिका पदमा नियुक्त गर्ने अख्तियार पाएको निकायले आफूले नियुक्त गरेको जनशक्तिका विषयमा निजको कामकारवाहीलाई लिएर आवश्यक स्पष्टीकरण माग गर्न सक्ने नै देखिन्छ । आफूउपर माग गरेको स्पष्टीकरणको पत्र बुझ्न इन्कार गरेको यी निवेदिकालाई मिति २०६८।१२।४ मा शिक्षिका पदबाट हटाइएको र सो कार्यमा कुनै कानूनी त्रुटिको विद्यमानतासमेत रहेको नदेखिँदा मागबमोजिमको आदेश जारी नगरी रिट नै खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल असार २५ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CI-१३०७, उत्प्रेषणमिश्रित परमादेश, *रामनारायण गुप्ता वि. सिरहा जिल्ला अदालतसमेत*

वस्तुतः अदालतबाट भएको फैसलाबमोजिमका सबै उपायहरू समाप्त भै फैसलाको ठहर गरेको बिगोउपर चलन चलाई पाउने सम्बन्धमा परेको निवेदनपत्रबमोजिम चलन चलाइको कारवाहीमा सहयोग गर्नु प्रतिवादीको कर्तव्यसमेत हुन आउँछ । अदालतबाट भएको आदेश वा फैसला अन्यथा हुन गए सोको कानूनबमोजिमको उपचार प्राप्त गर्ने मार्ग मुद्दाका हरेक पक्षमा अन्तर्निहित हुन्छ ।

फैसला तहतह हुँदै अन्तिम भै फैसला कार्यान्वयनको सिलसिलामा फैसलाले ठहरेको बिगो असूलका लागि चलन दिने दायित्व भएका प्रतिवादीले न्यायिक कामकारवाहीमा अवरोध पुऱ्याए, त्यस्तो अवरोध गरेबापत निजलाई फैसला कार्यान्वयन गर्ने अधिकारीले वा अदालतले आवश्यक जरीवाना तोक्न सक्ने अवस्था सिर्जना हुने र त्यस्तो अवस्था वस्तुनिष्ठ तवरबाट प्रमाणित भएमा अदालतले जरीवानासमेत गर्नसक्ने ।

फैसलाबमोजिमको चलन चलाउने सिलसिलामा निवेदकले चलन चलाउन अवरोध पुऱ्याई चलन हटक गरेको भन्ने सम्बन्धमा भएको जरीवानालाई अन्यथा भन्न नसकिने हुनाले निजलाई चलन हटक गरेबापत जरीवाना भएको भन्ने निवेदकको व्यहोराबाट देखिएकोले सिरहा जिल्ला अदालतबाट निजलाई जरीवाना गर्ने कार्य र कानूनबमोजिम विपक्षीहरूलाई दोस्रो चलन पूर्जी दिने गरी भएको कार्यलाई अन्यथा भन्न नसकिने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

इति संवत् २०७० साल असार २५ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CI-१४७३, निषेधाज्ञा, *आशाराम सदासमेत वि. आसर्मिदेवी*

दावीका जग्गामा यी पुनरावेदकहरूले आफू सनातनदेखि बसोबास गरी आएको आफ्नो दावी गरे पनि मिसिल संलग्न मालपोत कार्यालय, सप्तरीको रसिद भरपाई हेर्दा पातो गा.वि.स. वडा नं. ८ का दावीका कि.नं. ५९० र ५७८ विपक्षी/प्रत्यर्थी आसर्मिदेवीका नाउँमा जग्गाधनी जनिएको सो रसिदको प्रतिलिपि व्यहोराबाटसमेत उल्लेख भएको देखिँदा दावीका कि.नं. ५९० र ५७८ का जग्गामा यी पुनरावेदकको निर्विवाद हक स्थापित भएको भनी मान्न नमिल्ने हुँदा दावीका कि.नं. ५९० र ५७८ का जग्गामा यी पुनरावेदकहरूका निर्विवाद हक स्थापित नभएको अवस्थामा आफ्नो हकभोगको जग्गामा यी पुनरावेदकहरूले दखल गर्ने आशङ्का रहेको भनी प्रत्यर्थी निवेदकले पुनरावेदन अदालत, राजविराजसमक्ष दिएको निषेधाज्ञाको निवेदनउपर मागबमोजिमको आदेश जारी हुनसक्ने हुँदा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना+कल्पना

इति संवत् २०७० साल असार २५ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-CR-०६१३, अपहेलना, *किशन चौधरी वि. मालपोत कार्यालय, उदयपुर गाईघाटसमेत*

मालपोत कार्यालयको निर्णयउपर यी पुनरावेदकले पुनरावेदकीय उपचार प्राप्त गर्नेतर्फ नलागी रिटक्षेत्रमार्फत् अदालत प्रवेश गरेको देखिन्छ । मालपोत कार्यालयको लिखित जवाफबाटै सो जग्गा नेपाल सरकारका नाउँमा ऐलानी जनिरहेको र त्यस्तो जग्गाका सम्बन्धमा नेपाल सरकारबाट अन्यथा निर्णय नभएसम्म वा सो दर्ता बदर नभएसम्म निवेदकको निवेदन जिकीरकै भरमा आदेशबमोजिमको प्रक्रिया अवलम्बन गर्नसमेत मिल्ने नहुनाले पुनरावेदन अदालतको आदेशको अवज्ञा गरेको भनी विपक्षी मालपोत कार्यालयलाई अदालतको अपहेलना गरेको भनी अपहेलनामा कारवाही गर्न मिल्ने भएन । तसर्थ पुनरावेदन अदालत, राजविराजबाट जारी भएको परमादेशको आदेशको बर्खिलाप हुनेसम्मको कुनै कार्य विपक्षी मालपोत कार्यालय, उदयपुरबाट भएको नदेखिँदा मागबमोजिम विपक्षी मालपोत कार्यालयलाई अपहेलनामा कारवाही गर्न मिल्ने नहुँदा अदालतको अपहेलनामा दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

इति संवत् २०७० साल असार २५ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-०३७७, ०४७७ निषेधाज्ञा, *काठमाण्डौं उपत्यका नगर विकास समितिसमेत वि. सुनकेशरी जोशीसमेत, अच्युतप्रसाद सापकोटा वि. कमाल खाँ*

सडक नयाँ निर्माण गर्दा वा निर्माण भैसकेको सडक साँघुरो भई विस्तार गर्नुपर्दा सो सडकले विस्थापित गरेको जग्गा, घर, टहरा, पर्खाल लगायतको अचल सम्पत्तिको स्वामित्ववालालाई कानूनबमोजिम मुआब्जा वा क्षतिपूर्ति दिनुपर्ने हुन्छ । यसै सन्दर्भमा संवैधानिक एवं कानूनी व्यवस्था हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्येक नागरिकलाई सम्पत्तिसम्बन्धी हकको व्यवस्था गरी धारा १९ को उपधारा (१) मा “प्रत्येक नागरिकलाई

प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ" भनी नेपाली नागरिकको सम्पत्तिसम्बन्धी संवैधानिक हकको प्रत्याभूत गरेको देखिन्छ । सोही धारा १९ को उपधारा (३) मा "... सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा कानूनबमोजिम क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्ति र सोको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारण गरिएबमोजिम हुनेछ" भन्ने संवैधानिक व्यवस्थाबाट सम्पत्तिसम्बन्धी हक कानूनद्वारा सिर्जना गरिएको हक भई व्यक्तिगत हकको रूपमा रहेको देखिन्छ । सार्वजनिक हितका लागि कानूनद्वारा निर्धारित सीमाहरूभित्र व्यक्तिले बस्नुपर्ने हुनाको साथै व्यक्तिको त्यस्तो साम्पत्तिक हकमा सार्वजनिक उपभोगका नाममा राज्यले पनि जथाभावी गैरकानूनी हस्तक्षेप गर्न नहुने ।

राज्यले सार्वजनिक उपभोगका लागि व्यक्तिगत सम्पत्ति प्राप्त गर्नुपर्ने आफ्नै किसिमको बाध्यात्मक अवस्था एकातिर अवश्य नै होला । अर्को तर्फ व्यक्तिले पनि आफ्नो सम्पत्ति सार्वजनिक उपभोगका लागि त्याग गर्नुपर्दा सहनुपर्ने बाध्यताको अतिरिक्त उसले सो बापतमा क्षतिपूर्ति पाउनुपर्ने न्यायोचित कुराको पनि आफ्नै महत्व हुनेहुँदा त्यसतर्फ राज्य सदैव चनाखो रहनु पर्ने हुन्छ । यसै तथ्यलाई मध्यनजर राखी राज्यद्वारा व्यक्तिगत सम्पत्ति प्राप्त गर्नुपर्दा कानूनद्वारा क्षतिपूर्ति निर्धारण गरेर मात्रै प्राप्त गर्नुपर्ने गरी उल्लिखित संवैधानिक संरक्षण प्रदान गरिएको हो । यसरी राज्यले नागरिकको घर जग्गालगायतको कुनै पनि सम्पत्ति प्राप्त गर्दा क्षतिपूर्ति नदिई प्राप्त गर्न संविधानद्वारा नै बन्देज लगाई नागरिकको सम्पत्ति सम्बन्धी हकको संरक्षण गरेको अवस्था स्पष्ट हुने ।

उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थासमेतका आधारमा कानूनमा व्यवस्था भएदेखि बाहेकको तरिकाबाट कुनैपनि व्यक्तिको सम्पत्तिमा राज्यले हस्तक्षेप गर्न सक्ने अवस्था नरहेको र विपक्षीहरूले नगर विकास ऐन, २०४५ को दफा १२(२) बमोजिम बाटो विस्तारको क्रममा मुखमा रहेका जग्गाका जग्गाधनी वा मोहीले जग्गा दिन नमानेमा मात्र कानूनबमोजिम मुआब्जा दिने व्यवस्था रहेको र अन्य जग्गाको हकमा बाटो चौडा गर्दा मुआब्जा दिने व्यवस्था नरहेको भनी लिखित जवाफमा उल्लेख गरेको अवस्था देखिन्छ । यसर्थ सडक निर्माण वा विस्तारलगायतको जुनसुकै किसिमको सार्वजनिक उपभोगको लागि पनि राज्यले कानूनबमोजिम बाहेक बिना मुआब्जा वा क्षतिपूर्ति व्यक्तिको जग्गा अतिक्रमण गर्न नमिल्ने हुनाले पुनरावेदन अदालत, पाटनको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

सडक विस्तार गर्न मुआब्जा वा क्षतिपूर्ति नलिईकनै विपक्षीहरूलाई जग्गा दिन निवेदकहरूको सहमति रहेको भन्ने नदेखिँदा कानूनबमोजिम मुआब्जा वा क्षतिपूर्ति दिएको अवस्थामा बाहेक निवेदकहरूको निर्विवाद हक भोगको घर कम्पाउण्डमा अतिक्रमण गरी सडक विस्तार गर्ने जस्ता कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१२।०४।४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : बाबुराम सुवेदी

कम्प्युटर : विश्वराज पोखेल

इति सम्वत् २०६९ साल पुस १२ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६७-WO-२०६, उत्प्रेषणयुक्त परमादेश, *शारदा कँडेल वि. जिल्ला विकास समितिको कार्यालय, बानेश्वर, काठमाडौंसमेत*

विपक्षीको लिखित जवाफ व्यहोराबाटै यी रिट निवेदिकालाई जिल्ला विकास समिति, धादिङ्द्वारा गाउँ विकास कार्यक्रम सञ्चालन गर्नका निमित्त गठन भएको Support Organization टोली नेताको पदमा मिति २०५८।२।१४ को करारनामाबाट नियुक्त गरेको भनी स्वीकार गरेको देखिन्छ । मिसिल संलग्न स्थानीय विकास मन्त्रालयको मिति २०६१।११।१० को सरूवापत्र हेर्दा यी निवेदिकालाई तत्कालीन श्री ५ को सरकारको मिति २०६१।११।५ को सचिवस्तरीय, निर्णयबाट जिल्ला विकास समितिको कार्यालय, धादिङ्बाट टिम लिडर (अधिकृत छैठौं तह) जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा सरूवा गरेको देखिन्छ । शुरू नियुक्तिको प्रकृति हेर्दा यी रिट निवेदिका र स्थानीय ट्रष्ट कोष समितिका बीचमा सम्पन्न मिति २०५८।२।१४ को सेवा करारमार्फत् निजलाई काममा लगाएको देखिन्छ । सोही करारलाई निरन्तरता दिँदै मिति २०६१।११।५ को सचिवस्तरीय निर्णयबाट निजलाई जिल्ला विकास समिति अन्तर्गतको टिम लिडरमा सरूवा गरेको देखिन्छ । निजको सरूवाको विषयलाई लिएर कहीँ कतै विरोध भएको देखिँदैन । स्थानीय विकास मन्त्रालयबाट निजलाई गरिएको सरूवालाई स्वीकार गर्ने तर यी निवेदिकालाई प्रतिस्पर्धामा भाग लिन नदिने गरी निर्णय गरेको देखिन्छ । रिट निवेदिकालाई टिम लिडर (अधिकृत छैठौं तह) मा सरूवा गरी निजको न्यूनतम् योग्यताका सम्बन्धमा स्वीकार गरिसकेपछि सोबमोजिमको दरबन्दीको पदमा निजको आवश्यक कागजात नै नभएको भनी लिखित प्रतिवाद गर्न मिल्ने हुँदैन । यी रिट निवेदिकालाई दरबन्दी रहेकै पदमा सरूवा गरिएको देखिन्छ । दरबन्दी नभएको पदमा नियुक्त भएको भए उक्त सरूवालाई स्वीकार गर्न नसक्नु पर्ने र लामो समयसम्म सो पदमा तलब भत्ता सुविधा खुवाउन सक्ने अवस्थासमेत रहँदैन । यी रिट निवेदिकाको पद करारद्वारा सिर्जना भएको पद भए पनि निजको सरूवासमेत भै कायम रहेको पद हुँदा यी निवेदिका दरबन्दीरहित पदमा कार्यरत् रहेको र सरूवा भएको भन्न नमिल्ने ।

मिति २०६४।५।१० को बैठकबाट निज शारदा कँडेलको सम्बन्धमा तत्काल थप प्रमाण बुझ्दा सीमित प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्न नसकिने अवस्थासमेत देखिएको भनी निर्णय भएको देखिएकोले निज शारदा कँडेलको निवेदनको मागअनुसार अग्रीम कारवाही गरिरहनु पर्ने नदेखिएको हुँदा सोही व्यहोराको जानकारी दिने निर्णय गरियो भन्ने व्यहोराको निर्णय भएको तथ्य मिति २०६७।४।१३ को निर्णय उतारबाट देखिन्छ । त्यस्तो निर्णयमा कुनै ठोस कारण नै खुलेको देखिँदैन । निर्णयमा कुनै ठोस कारण नै नखुलाइएकोले त्यसको आधारमा गरिएको उक्त निर्णय मान्य हुने भएन । मिति २०६४।५।१० र सो मितिका आधारमा गरिएको मिति २०६७।४।१३ को निर्णयबाट सीमित प्रतिस्पर्धा गर्न नमिल्ने भने पनि सोको कारण खुलाएको पनि नदेखिएको तथा थप तथ्य प्रमाण बुझ्दा भनेको भनी उल्लेख गरे पनि निवेदिकाका हकमा के कस्तो थप प्रमाण बुझी निजका हकमा निर्णय गरेको हो, के बुझेको हो भन्ने खुलाइएकोसमेत देखिएन । स्थानीय विकास मन्त्रालयबाट निजलाई सरूवा गरेको देखिएको र निजको पद सरूवा हुने पद भएको हुँदा अन्यत्रबाट आएको सीमित प्रतिस्पर्धायोग्य नहुने भन्न मिल्ने नदेखिने ।

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३क मा भएको प्रावधान हेर्दा "यस

नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायको स्वीकृत दरबन्दीको अधिकृतस्तर छैठौं तह, सहायकस्तर पाँचौ तह र चौथो तहको पदमा संवत् २०५९ साल असार मसान्तसम्म नियुक्त भई यो नियम प्रारम्भ हुँदाका बखतसम्म अविच्छिन्नरूपमा सोही पदमा कार्यरत् कर्मचारी यस नियमावलीबमोजिमको न्यूनतम् शैक्षिक योग्यता पुगेका कर्मचारीहरूबीच मात्र सोही पदमा छुट्टै प्रतिस्पर्धात्मक परीक्षा सञ्चालन गरी एक पटकको लागि पदपूर्ति गर्न सकिने छ भन्ने व्यवस्था भएको देखिन्छ । यी निवेदिकाले आफ्नो निवेदनमा विज्ञापन हुनुपर्नेमा विभिन्न कारणवस छूट हुन गए पनि सोही नियमावलीको चौथो संशोधनअन्तर्गत रहेर विज्ञापन खुलाउनको लागि निवेदन दिएको र सोही निवेदनका आधारमा निजका हकमा अग्रीम कारवाही गरिरहनु पर्ने नदेखिएको भनी मिति २०६७।४।१३ मा निर्णयसमेत गरेको देखिए पनि त्यस्तो निर्णयमा पारदर्शितासमेत भएको देखिएन । यी रिट निवेदिकाका हकमा निजको निवेदन मागबमोजिम अग्रीम कारवाही गरिरहनु पर्ने नदेखिएको भन्दै जिल्ला विकास समिति, काठमाडौंको पदपूर्ति समितिबाट मिति २०६४।५।१० को निर्णयसमेतलाई हवाला दिँदै गरिएको निर्णयमा पारदर्शितासमेत नदेखिएको एवं त्यस्तो निर्णयमा यी रिट निवेदिकाको हकमा कारवाही गरिरहनु पर्ने नदेखिएको भन्ने आधार लिई निजलाई प्रतिस्पर्धाबाट बञ्चित हुने गरी गरिएको निर्णय तथा त्यस्तो निर्णयका आधारमा भएका कामकारवाहीलाई कानूनसङ्गत् मान्न नसकिने हुँदा निवेदिकाको हकमा गरिएको विपक्षी जिल्ला विकास समिति, काठमाडौंको पदपूर्ति समितिको उक्त मिति २०६४।५।१० को निर्णय तथा सो निर्णयसमेतका आधारमा मिति २०६७।४।१३ मा भएको निर्णयमा कुनै वस्तुनिष्ठ आधार र कारणसमेत विद्यमान नभएको एवं निर्णयमा पारदर्शिताको अभावसमेतले गैरकानूनी देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । विपक्षी स्थानीय विकास मन्त्रालयले दरबन्दी रहेकै पदमा यी निवेदिकाको सरूवा गरेको र सो सरूवालाई अन्यथा भन्न सकेकोसमेत नदेखिँदा अब निवेदिकाको हकमासमेत कानूनबमोजिम त्यस्तो पदका सम्बन्धमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३क बमोजिमको प्रक्रिया प्रारम्भ गरी कानूनबमोजिम पदपूर्ति गर्नु भनी विपक्षी जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०७० साल भदौ २६ गते रोज ४ शुभम् ।

## इजलास नं.३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-CR-०१८८, कर्तव्य ज्यान, *नेपाल सरकार वि.सुकराम श्रेष्ठसमेत*

प्रतिवादीहरूलाई आमाचकारी अपशब्द गाली प्रयोग मृतकले गरेको कारण प्रतिवादी आफुहरू आवेशमा आएको भन्दै निज दुबै प्रतिवादीहरूले अदालतमा बयान गर्दा मृतकलाई कुटपीट सुकरामले एक थप्पड र सोमलालले सानो लाठीले एक पटक हानेको भनी कुटपीट गरेको तथ्यमा अदालतमा समेत साविती नै रहेको देखिएको र प्रतिवादीहरूको पिटाईको कारणले मृतकको मृत्यु भएको होइन भन्ने प्रतिवादीहरूको जिकीर पनि नभएको र मिसिलबाट पनि नदेखिएकोले यी प्रतिवादीहरूको दुई दाजु भाइमध्ये दाजु सुकरामले मुक्काले एक थप्पड र भाइ सोमलालले दाउराले एक पटक कुटपीट गरेको कारणबाट मृतकको मृत्यु भएको देखिन आयो । उपरोक्त मिसिल संलग्न

तथ्यबाट प्रतिवादीहरूले एक एक पटक मृतकउपर हात हालेको देखिन आए पनि पटकपटक चोट छाडेको भन्ने अभियोग दावी पुष्टि हुन नआउने ।

उसै मौकामा उठेको रिस थाम्न नसक्ने अवस्थाको समय क्षणिक हुन्छ। यो लामो समयसम्म रहँदैन । तसर्थ रिस उठ्ने घटना वारदात भएपछि लामो अन्तरालपछि भएको अवस्थालाई ज्यान सम्बन्धीको १४ नं. ले नसमेट्ने ।

एकै क्षणमा एक वा बढी मानिसलाई आवेश वा थाम्न नसक्ने रिस उठ्न सक्छ वा सक्दैन भन्ने कुरा आवेश उत्पन्न गर्ने कारणमा निर्भर गर्दछ । साधारणतया कुनै व्यक्ति विशेषलाई उसको आत्म सम्मानमा चोट पुग्ने वा गम्भीर संवेदनशील विषय लिई बेइज्जत गर्ने कार्य गरेमा त्यही व्यक्ति विशेषलाई क्षणिक आवेश वा तत्काल थाम्न नसक्ने रिस उठ्न सक्छ र अरू छेउछाऊमा रहने सुन्नेलाई रिस उठे पनि थाम्न नसक्ने रिस भने उठेको नै हुन्छ भन्न सकिन्न । तर, कुनै व्यक्तिलाई त्यस्तो अपमानजनक व्यवहार गर्दा अवस्थाअनुसार अरू पनि अपमानित हुन सक्छ र त्यस्तो अवस्थामा एकै पटक अरूलाई पनि थाम्न नसक्ने रिस उठ्नु स्वभाविक हुन जाने ।

मार्नु पर्नेसम्मको पूर्वरिसइबी मनसाय नदेखिएको आमाचकारी अपशब्द प्रयोग गरी मृतकको कारणबाट प्रतिवादी दुई दाजुभाइ आवेशमा आएको देखिएको अर्थात तत्काल उठेको रिसको आवेश थाम्न नसकी प्रतिवादी सुकराम श्रेष्ठले एक मुक्का र सोमलाल श्रेष्ठले लठ्ठी वा चिरपट दाउराले मृतक सुकबहादुर थापालाई एक पटक कुटपीट गरेको कारण मृत्यु भएको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल प्रमाणबाट देखिन आएको अवस्थामा एकजना भन्दा बढी प्रतिवादीले चोट छाडेको भन्ने कारणले मात्रै आवेशप्रेरित हत्या नहुने भन्न मिल्ने देखिएन । साथै, ज्यानसम्बन्धीको १४ नं. को कानूनी व्यवस्था तथा समग्र घटनाक्रमबाट आवेश प्रेरित हत्या देखिन आएकाले प्रतिवादीहरू सोमलाल श्रेष्ठ र सुकराम श्रेष्ठलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसूर अपराध गरेको ठहऱ्याई जनही १० (दश) वर्ष कैद हुने ।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर : विश्वराज पोखरेल

इति सम्वत् २०७० साल कात्तिक ४ गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९ सालको WO-०९५१, उत्प्रेषण पर मादेशसमेत, *श्रीकृष्ण राजबाहक वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत*

यिनै रिट निवेदकले यिनै प्रत्यर्थीउपर संवत् २०६९ सालको रिट नं. ०६९-WO-०६६२ को निषेधाज्ञा मुद्दा पुनरावेदन अदालत, पाटन ललितपुरमा दायर भै कारवाही चलिरहेको तथ्य प्रत्यर्थीतर्फबाट इजलाससमक्ष पेश गरेको कागज प्रमाणहरूबाट देखिन्छ। उक्त निषेधाज्ञा मुद्दाको क्रममा यिनै पक्ष विपक्षकाबीच भएको र.नं.८४५७ क मिति २०६७।२।२५ को राजीनामा लिखत बदर गरी पाउन काठमाण्डौं जिल्ला अदालतमा लिखत बदर, जालसाजी र अंश मुद्दासमेत दायर गरी विचाराधीन अवस्थामा रहेको भन्ने प्रत्यर्थीतर्फका कानून व्यवसायीको बहस जिकीरलाई यिनै रिट निवेदकतर्फबाट सोको उचित प्रतिवाद गरी इन्कार गर्न सकेको अवस्था पनि देखिएन । यिनै तथ्यहरूबाट विवादित घर जग्गामा यिनै रिट निवेदकले आफ्नो स्वामित्त्व हक यिनै प्रत्यर्थी तिलासरी राईलाई हस्तान्तरण गरिसकेको देखिएबाट

विवादित घर जग्गामा रिट निवेदकको हकदैया रही रहेको मान्न नमिल्ने ।

रिट निवेदकले पटकपटक पुनरावेदन अदालत, पाटनमा यसै विषयमा संवत् मा ०६९-WO-०६६२ समेतका निषेधाज्ञा मुद्दा दर्ता गरेको तथ्य लुकाई प्रस्तुत रिट निवेदन दायर गरेको देखिनुका साथै विवादित जग्गामा एकपटक आफ्नो स्वामित्त्व हकदैया हस्तान्तरण गरी सकेपछि पुनः सोही घरजग्गा कानूनी रीतपूर्वक प्राप्त गरी नसकेको अवस्थामा सोही वस्तुको हकबेहकमा रिट क्षेत्रबाट बोल्न मिल्ने देखिँदैन । एकपटक हक छाडिसकेको घर जग्गा खाली गराई दिने कार्यबाट रिट निवेदकको संवैधानिक एवं कानूनी हकमा आघात पुर्‍याएको मान्न मिल्ने देखिएन । यस्तो अवस्थामा हकदैयाबिहीन व्यक्तिले तथ्य लुकाई रिट क्षेत्राधिकारमा प्रवेश गरेको देखिँदा अन्तरिम आदेश सम्बन्धमा पेशी चढेको भए पनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४०(ख)(३) अनुसार तथ्यलाई ढाँटी कारवाही गरेको देखिनुका साथै सोही नियम ४१(४)(३) बमोजिम निर्णय गर्न उपयुक्त देखिएको हुँदा माथि उल्लिखित आधार कारणहरू समेतबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल जेष्ठ १४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-CR-०६०७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भक्तराज राई*

फौजदारी कसूरमा अभियोग प्रमाणित गर्ने भार वादीमा रहेको हुन्छ । प्रस्तुत मुद्दामा प्रमाणस्वरूप पेश भएको टोपीमा लागेको रगत मानिसको भए पनि रक्तसमूहसमेत पत्ता लाग्न नसकेको र अपराधमा प्रयोग गरेको खुकुरी परीक्षण गर्दा पनि मानव रगत लागेको नदेखिएको भन्ने विशेषज्ञको राय रहेको र बन्दसवालमा समेत खुलाई लेखाईदिएको देखिन्छ । जसबाट मृतकलाई मार्न प्रयोग भएको हतियार र निजसँग सम्बन्धित टोपी वा सम्बद्ध प्रमाणको समेत शङ्कारहित तवरबाट घटनासँग सम्बन्ध रहेको पुष्टि हुन सकेको स्थिति नदेखिएको र भीरबाट खसेको वा भनिएको ठाउँमा रूख बुट्टाहरू भै लास अड्किन सक्ने देखिए पनि पीडित भनिएको व्यक्तिको लास फेला पर्न सकेको देखिएन । प्रतिवादीको कर्तव्यबाट मरेको भनिएको व्यक्ति सनम तामाङ्को उमेर एवं स्वास्थ्य शरीरको स्वरूपबाट र प्रतिवादीले को हो भनी सोध्दा म सनम तामाङ् चिनिस् मलाई भनी सनम तामाङ्ले प्रतिवादीलाई जवाफ दिएकोबाट निज सनम तामाङ् केही होसमा रहेको समेतबाट प्रतिवादीको उमेर अवस्थाबाट एकै पटकमा सनम तामाङ्लाई प्रतिवादीले भीरमा फालेको तथ्य प्रमाणद्वारा पुष्टि भएको देखिने ।

साथै सनम तामाङ् भरिया पेशा अपनाउने व्यक्ति देखिएको र फलाना व्यक्तिको सामान लिन हिँडेको वा सामान बोकी ल्याएको भनी कोही कसैले बकी लेखाई दिई प्रमाणित गरेको अवस्था पनि देखिँदैन । सनम तामाङ् हराएको वा फेला नपरेको भनी कुनै परिवारजन वा सम्बद्ध व्यक्तिहरूले समेत सनम तामाङ्को खोजीनीति गरेको वा निज मारिएका हुन् भन्ने उजूर गरेको नदेखिएको जाहेरवाला अमृत राईले समेत यिनै प्रतिवादी भक्तराज राईले सनम तामाङ्लाई मारेको होइन भनी अदालतमा उपस्थित भै बकपत्रसमेत गरिदिएको र जाहेरीमा पनि अरूबाट घटना घटेको सुनेको भनी सुनी सुनाई जाहेरी परेको भै जाहेरवाला प्रत्यक्षदर्शी नभएको अवस्थाबाट सनम तामाङ्को मृत्यु भए नभएको यकीन नभएको र मृत्यु भएकै भन्ने तथ्य नै शङ्कास्पद भै यी प्रतिवादी भक्तराज राईले कर्तव्य गरी सनम तामाङ्लाई मारेको

हो भन्ने तथ्य नै शङ्कास्पद रहेको अवस्था देखिन्छ। शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त रहेको देखिन्छ। अभियुक्त प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको सावितीबाहेक अन्य स्वतन्त्र प्रमाणबाट अभियोग पुष्टि हुन सकेको पाइएन। मृतक लाससमेत फेला नपरेको अवस्थामा मृतकको मृत्यु प्रतिवादीकै चोट प्रहारको कारणबाट भएको हो भन्ने सम्बन्धमा वस्तुनिष्ठ आधार प्रमाण वादी पक्षले शङ्कारहित तवरमा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी दावी पुष्टि गर्न सकेको पनि नदेखिने।

टोपी र ढाकर अकरे भीरमा अड्किएको र उक्त दशी भेटिनु कुनै मृतकको मृत्युको कारण हुन सक्ने देखिएन। ढाकर भीरमा देखिँदैमा ढाकर बोक्ने मानिसको मृत्यु नै भएको हो भनी यकीन गर्न मिल्ने देखिँदैन। मृतकको टोपी फेला परेको भनी टोपीलाई प्रमाणस्वरूप पेश गरेकोमा जाहेरवाला अमृत राईले सनम तामाङ्लाई पहिलेदेखि चिनेको हो सनम तामाङ्ले टोपी लगाउने गरेको थिएन भनी बकपत्र गरेकोसमेतबाट सनम तामाङ्को मृत्यु भएको तथ्यमा नै आशङ्का रहेको देखिन आएको अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तबमोजिम प्रतिवादी भक्तराज राईले आरोपित कसूरबाट सफाइ पाउने।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

कम्प्युटरः भास्कर पगेनी

इति संवत् २०७० जेठ १३ गते रोज २ शुभम्।

**इजलास नं. ६**

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-११५३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. टेकबहादुर गुरुङ्*

मृतकको लास जाँच प्रकृति मुचुल्का हेर्दा दायाँ आँखा नजिक बाहिरी छाला खस्रिएको, दुबै कानबाट रगत आएको भनी उल्लेख हुनुको अतिरिक्त अन्य उल्लेखनीय कुनै चोटपटक भएको उक्त मुचुल्काबाट देखिँदैन। प्रतिवादी टेकबहादुर गुरुङ्ले शुरू अदालतमा बयान गर्दा मैले सन्तोष वि.क.लाई मारेको होइन, निजसँग विद्यालय बनाउने श्रमदानको विषय र करेन्ट लगाई माछा मार्ने विषयलाई लिएर झगडा भई लट्ठी खोसाखोस भएकोसम्म मात्र हो भनी उल्लेख गरेको देखिन्छ। जाहेरवालाले यी प्रतिवादीले फलामको रडले प्रहार गरी सन्तोष वि.क.को मृत्यु भएको भन्ने कुरा बकपत्रमा उल्लेख गरे तापनि निज चश्मदिद् गवाह होइनन्। जाहेरवाला हर्कबहादुर वि.क. तथा मौकामा कागज गर्ने वीरबहादुर वि.क., पुष्पा गुरुङ, मनोज मल्लले मात्र अदालतमा आई बकपत्र गरेको देखिन्छ। मनोज मल्लले अदालतमा आई बकपत्र गर्दा प्रतिवादी टेकबहादुर गुरुङ् र मृतकलाई देखेकोसम्म भनी उल्लेख गरेका छन्। तर टेकबहादुरले सन्तोषलाई कुटपीट गरेको कुरा मनोज मल्लले अदालतमा बकपत्र गर्दा खुलाएको भने देखिँदैन। अन्य अदालतमा आई बकपत्र गर्ने जाहेरवालालगायत तत्काल बुझिएका व्यक्तिहरू पनि प्रत्यक्षदर्शी नभई अरूले भनेको आधारमा आफ्नो व्यहोरा लेखाएको देखिन्छ। मृतक सन्तोष वि.क. मादक पदार्थ खाई मातेको व्यहोरा भने वादीको साक्षी मनोज मल्लसमेतले खुलाएका छन्। सन्तोष वि.क.लाई मार्नुपर्नेसम्मको रिसईबी रहेको मार्न कुनै तयारी टेकबहादुरबाट भएको नदेखिई सन्तोष वि.क. आफैं रक्सी खाई झगडा गर्न आएको तथ्य रहेको पाइन्छ। टेकबहादुर बाहेकका अन्य प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाई फैसला अन्तिम भइसकेको अवस्था छ। प्रतिवादी टेकबहादुरले सन्तोष वि.क.लाई प्रहार

गरेको देख्ने प्रत्यक्षदर्शीको अभावमा टेकबहादुरले मादक पदार्थ सेवन गरी सन्तोष वि.क. झगडा गर्न आएको र तानातान हुँदा सन्तोष वि.क. भीर जस्तोबाट लडेको भनी प्रतिवादी टेकबहादुरले देखाएको तथ्यलाई विश्वास नगर्नु पर्ने कुनै कारण नदेखिने ।

प्रतिवादी टेकबहादुर र मृतक सन्तोष वि.क. बीच झगडा भए पनि मार्नुपर्नेसम्मको रिसइबी नदेखिएको र त्यस्तो मार्न कुनै योजना र तयारी नभएको अवस्थामा सन्तोष वि.क. रक्सी खाई माती झगडा गर्न आउँदा दाउरा समाती दोहोरो तानातान गर्दा सन्तोष वि.क. भीरबाट लड्न गई चोट लागी परलोक भएको र मार्ने मनसायको अभाव रहेको यस तथ्यको रोहबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. अनुरूप भवितव्यको वारदात भएको देखियो । भवितव्यको वारदात भएकोमा यसै महलको ६ नं. ले सजायको व्यवस्था गरेको पाइन्छ । झगडा भई दाउरा तानातान गर्दा सन्तोष वि.क. लड्न गएको वारदातमा प्रतिवादी टेकबहादुर गुरुङ्ले सन्तोष वि.क. तल लड्न सक्छ कि भनी हेलचेक्र्याईं नगरी होस पुऱ्याई काम गरेको भए सो दुर्घटना घट्ने थिएन । प्रतिवादीले होस नपुऱ्याई हेलचेक्र्याईं गरेको कारणबाट सन्तोष वि.क. लड्न गई परलोक भएको अवस्था देखिँदा निज प्रतिवादी टेकबहादुर गुरुङ्लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६ नं. को देहायको २ नं. अनुरूप वर्ष २ को कैद सजाय गर्ने गरेको जिल्ला तथा पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न सक्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः मीना गुरुङ्

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७० साल असोज ६ गते रोज १ शुभम् ।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की**, ०६९-RE-०२७६, कर्तव्य ज्यान, *रामपृत राम वि. नेपाल सरकार*

प्रतिवादी रामपृत राम अनुसन्धान अधिकारी र अदालतमा समेत कसूरमा इन्कार रही बयान गरेको देखिएको छ तर निजलाई प्रत्यक्षदर्शी भनिएका सोनेलाल यादवले अनुसन्धान अधिकारीसमक्ष गरेको मिति २०६४।८।२ को बयानको आधारमा निज प्रतिवादीलाई थुनामा राख्ने आदेश दिएको देखिन्छ । निज प्रत्यक्षदर्शी सोनेलाल यादवको सोही बयानलाई विश्वसनीय नभएको भनी प्रतिवादी हरिनारायण पासवान र जुरी ठाकुरलाई अ.बं. ४७ नं. बमोजिम साधारण तारीखमा राख्ने गरी मिति २०६९।९।२९ मा आदेश गरिएको देखिन्छ । यसरी एउटै प्रमाणको असमान मूल्याङ्कन गरी कसैलाई थुनामा र कसैलाई तारीखमा राख्ने आदेश भएको देखिन्छ । निज सोनेलाल यादवले अदालतको बयानमा "प्रतिवादी रामपृतले बेल्टनले घाँटीमा कसी मृतकलाई मारेको देखेको छु" भनी भनेका छन् । तर मेडिकल अधिकृतले गरेको शव परीक्षण प्रतिवेदनमा "टाउकोमा चोट लागेको कारण मृत्यु भएको" भन्ने व्यहोरा लेखिएको छ । यसरी प्रत्यक्षदर्शीको सो कथन शव परीक्षण प्रतिवेदनबाट समर्थित भएको देखिन नआएको अवस्थामा तथा समान प्रमाणको असमान मूल्याङ्कन गरी कसैलाई तारीखमा राख्ने र कसैलाई थुनामा राख्ने गरी गरिएको त्यस अदालतको आदेश कानूनसम्मत् नदेखिई शव परीक्षण प्रतिवेदनसमेतलाई आधार नलिई प्रतिवादी रामपृत रामलाई अ.बं. ११८ नं.को देहाय २ नं. बमोजिम थुनामा राख्ने गरेको सिरहा जिल्ला अदालतको

मिति २०६९।९।२० को आदेश त्रुटिपूर्ण देखिँदा पछि मुद्दा किनारा हुँदा ठहरेबमोजिम हुने नै हुनाले निजलाई अ.बं. ४७ नं. बमोजिम तारीखमा राखी मुद्दाको पुर्पक्ष गर्नू । साथै प्रत्यक्षदर्शीलगायत अन्य साक्षीसमेतका बकपत्र भइसकेको परिप्रेक्ष्यमा थप प्रमाण बुझ्नुपर्ने भए बुझी तीन महिनाभित्र मुद्दाको निर्णय गर्नू ।

इति संवत् २०७० साल पुस ३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०७०-RE-००४७, कर्तव्य ज्यान, *कर्णबहादुर कुँवर वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा बयान गर्दा कसूरमा इन्कार रहे पनि अनुसन्धानको सिलसिलामा कागज गर्दा वारदातस्थलमा रही आफूले पनि लात्तीले हानेको कसूरजन्य तथ्यमा सावित रहेको तत्काल प्राप्त प्रमाण अन्यथा प्रमाणित भइनसकेको हुँदा निवेदक प्रतिवादीलाई पुर्पक्षको लागि थुनामा राख्ने गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७०।२।९ को आदेशलाई परिवर्तन गरिरहन परेन । रीतपूर्वककै देखिँदा कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल पुस ३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०७०-RE-००६८, ज्यान मार्ने उद्योग, *देउबहादुर लिम्बू वि. नेपाल सरकार*

पीडितको मौकाको कागज र अपराध घट्दा देख्ने व्यक्तिको कागजसमेतका तत्काल प्राप्त प्रमाण अन्यथा प्रमाणित भैनसकेको हुँदा निवेदक प्रतिवादीलाई पुर्पक्षको लागि थुनामा राख्ने गरेको पुनरावेदन अदालत, इलामको मिति २०७०।२।२ को आदेशलाई परिवर्तन गरिरहन परेन । रीतपूर्वककै देखिँदा कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल पुस ३ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-AP-०१८४, अवैधरूपमा भवन निर्माण, *पूजा श्रेष्ठ वि. मीनू प्रसाई*

काठमाडौं महानगरपालिकाबाट मिति ०६९।३।२९ मा भएको निर्णयलाई पुनरावेदन अदालत, पाटनबाट मिति ०७०।२।५ मा उल्टी हुने ठहऱ्याई फैसला भएको अवस्था देखिँदा प्रस्तुत मुद्दाको हकमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम यस अदालतसमक्ष पुनरावेदन लाग्न सक्ने नै हुँदा पुनरावेदन पत्र दर्ता नगरी दरपीठ गर्ने गरेको यस अदालतका सहरजिष्ट्रारको दरपीठ आदेश रीतपूर्वक नदेखिएकाले बदर हुने ।

इति संवत् २०७० साल पुस ७ गते रोज १ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** २०७०-WO-०४३२, उत्प्रेषणसमेत, *मनोज नेपाल वि. पुनरावेदन अदालत, पाटनसमेत*

बिगो दावी भएको लेनदेन मुद्दामा वादी दावी पुग्न नसक्ने भन्ने देखिएको अवस्थामा जग्गा रोक्का राख्न इन्कार गर्न सकिने हुन्छ । तर यी वादीले प्रतिवादी इन्दिरा सिटौलाको पनि मुरारी सिटौलाको नामको घर जग्गा रोक्का राख्न निवेदन दिएको र अदालतले पतिको नामको जग्गा रोक्का राख्न इन्कार गरेको देखिन्छ । तर ऋणीको एकाघरका पति वा अन्य अंशियारको नामको सम्पत्ति रोक्का राख्न नमिल्ने भन्ने अ.बं. १७१ क नं. मा कानूनी व्यवस्था नरहेको तथा दावी पुग्न

नसक्ने भन्ने नदेखिएको अवस्थामा एकाघरको पतिका नामको जग्गा रोक्का राख्न मिल्ने नै हुन्छ । तसर्थ लेनदेन मुद्दाको किनारा हुँदा उक्त रोक्का राखिपाऊँ भन्ने अचल सम्पत्ति अन्य कसैलाई हस्तान्तरण भई गएमा यी निवेदकलाई बिगो असूलीमा कठिनाई भई सुविधा सन्तुलनको दृष्टिले मर्का पर्नसक्ने हुँदा पछि लेनदेन मुद्दा किनारा हुँदा ठहरेबमोजिम हुने गरी हाल ऋणीको पति मुरारी सिटौलाको नाममा रहेको काठमाडौं जिल्ला, धापासी गा.वि.स. वडा नं. ८ कि.नं. १०४ को घर जग्गा रोक्का राख्नु, राख्न लगाउनु भनी प्रत्यर्थीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल पुस ११ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की,** ०७०-WO-०४१७, उत्प्रेषण, *मनोजकुमार चौधरी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, चिकित्सा महाशाखा रामशाहपथसमेत*

अस्पताल जस्तो जनस्वास्थ्यसँग सम्बन्धित अत्यावश्यक सेवा प्रभावित हुने एवं अस्पतालमा भर्ना भई उपचाररत् विरामीहरूसमेतलाई तत्काल अस्पताल बन्द गर्दा असर पर्ने साथै सो सम्बन्धमा पूर्व जानकारीसमेत नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत आदेश गरिएको हुँदा विपक्षी नं. १ बाट मिति २०७०।७।२४ मा जारी गरिएको पत्र, विपक्षी नं. २ बाट मिति २०७०।८।२४ च.नं. १७६२ र मिति २०७०।८।२५ च.नं. १७६१ को पत्र तत्काल कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । साथै, सो आदेशलाई निरन्तरता दिने, नदिने सम्बन्धमा दुवै पक्ष राखी छलफल गर्न उपयुक्त हुने हुँदा छलफलको लागि मिति २०७०।९।१८ को पेशी तोकी सो पेशीको जानकारी महान्यायाधिवक्तामार्फत् झिकाई पेश गर्नू ।

इति संवत् २०७० साल पुस ४ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की,** ०७०-WO-०४१८, उत्प्रेषण, *लक्ष्मी शर्मा वि. श्रम कार्यालय, वाग्मती अञ्चलसमेत*

अन्य कामदारहरूले काम गरिरहेको र उद्योग सञ्चालन गर्ने क्रममा उक्त रोजगार गर्ने निवेदिकाको अन्य सम्पत्तिसमेत श्रम कार्यालयले रोक्का गरेको अवस्थामा बैंक खातासमेत रोक्का राखी रहँदा उद्योगमा कार्यरत् मजदुरहरूको तलव भत्तामा असर पर्ने हुँदा श्रम कार्यालय, वाग्मती अञ्चलको मिति २०७०।२।८ को बैंक खाता रोक्का गर्ने निर्णयलाई श्रम अदालतले बदर गरेको कार्यबाट उद्योगलाई सञ्चालन गर्ने सन्दर्भमा अपूरणीय क्षति पुग्न जाने देखिँदा श्रम कार्यालयको मिति २०७०।२।८ को उद्योगको बैंक खाता रोक्का गर्ने निर्णय कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी गरिदिएको छ । साथै, अन्तरिम आदेशलाई निरन्तरता दिने, नदिने सम्बन्धमा दुबै पक्षलाई राखी छलफल गर्नु उपयुक्त देखिएकाले सो सम्बन्धमा छलफलको लागि मिति २०७०।९।१७ को पेशी तोकी छलफलको लागि विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत् झिकाई नियमानुसार पेश गर्नू ।

इति संवत् २०७० साल पुस ४ गते रोज २ शुभम् ।